**COVID-19 Vaccination Translation Project**

***Language: Nepali***

# के तपाइलाई थाँहा थियो?

1. रोगको रोकथामको लागि कोभिड-१९ खोप अत्यधिक प्रभावकारी देखिएको छ र यो महामारीको बिरूद्ध लड्नको लागि एउटा महत्वपूर्ण औजार हो। खोप प्राप्त गर्ने, मास्क लगाउने, र सामाजिक दुरी कायम गर्ने संयुक्त विधिले कोभिड -१९ बाट बच्न उच्चतम सूरक्षा प्रदान गर्नेछ। यो जानकारी मेसाचुसेट्स सरकार (Mass.gov) को जन-स्वास्थ्य विभागद्वारा तपाइको लागी ल्याएको थियो।

   यहाँ केही साधारण लक्षणहरु छन् जुन सामान्य छन्: पाखुरा दुख्ने, रातो हुने, सुनिने, थकान लाग्ने, टाउको दुख्ने, मांसपेशी दुख्ने, ज्वरो आउने, वाकवाकी लाग्ने, शरीरमा ठण्डा लाग्ने। यदि तपाइले कुनै अन्य लक्षणहरू अनुभव गर्नुभयो वा यदि यी लक्षणहरू केही दिन भन्दा बढि समयसम्म रहिरहेमा, आफ्नो प्राथमिक उपचार चिकित्सक (डाक्टर) लाई कल गर्नुहोस्।

2. यदी तपाइको स्वास्थ्य विमा, कुनै परिचयपत्र, ड्राइभर लाइसेन्स वा सामाजिक सूरक्षा नम्बर छैन भने पनि तपाईले खोप प्राप्त गर्न सक्नुहुनेछ। यी कागजपत्रहरु आवश्यक छैनन्।

   यदी तपाइलाई खोप दिन इन्कार गरियो वा अरु कुनै समस्या भएमा, कृपया एटर्नी जेनरलको नागरिक अधिकार इकाइको फोन नम्बर 617-963-2917 मा सम्पर्क गर्नुहोस्

वा https://www.mass.gov/how-to/file-a-civil-rights-complaint मा अनलाइन उजुरी दर्ता गर्नुस्:

यदी कसैले तपाइलाई विमा, कुनै परिचयपत्र, ड्राइभर लाइसेन्स वा सामाजिक सूरक्षा नम्बर मांग गरेमा तपाइले दिन्न वा छैन भन्न सक्नुहुनेछ। मेसाचुसेट्समा खोप प्राप्त गर्नको निम्ति तपाइले यी कागजपत्रहरु देखाई रहनआवश्यक छैन।

3. खोप लगाउदैमा तपाइको आप्रवानस स्थितिमा प्रभाव पार्ने छैन। केन्द्रीय सरकारले खोप लगायत कोभिड-१९ को उपचारलाई एउटा व्यक्तिको आप्रवानस स्थिति निर्धारणको निम्ति आधार मान्ने छैन भन्ने कुरा सुनिश्चित गरेको छ।

4. कागजपत्र विहीन आप्रवासीहरू लगायत १६ वर्ष माथिका मेसाचुसेट्समा बसोबास गर्ने, काम गर्ने, पढ्ने सबै व्यक्तिहरूको लागि खोप आफैमा निःशुल्क छ। केन्द्रीय सरकारले प्रत्येक व्यक्तिहरुलाई निःशुल्क खोप प्रदान गरिरहेको छ। खोप लाउनको लागि तपाइको विमा गरिएको हुनु पर्ने छैन्। एपोइन्टमेन्ट बनाउनको लागि तपाइसंग क्रेडिट कार्ड नम्बर मांग गरिने छैन।

यदी तपाइलाई खोप दिन इन्कार गरियो वा अरु कुनै समस्या भएमा, कृपया एटर्नी जेनरलको नागरिक अधिकार इकाइको फोन नम्बर 617-963-2917 मा सम्पर्क गर्नुहोस् वा https://www.mass.gov/how-to/file-a-civil-rights-complaint मा अनलाइन उजुरी दर्ता गर्नुस्:

5. यदि तपाइलाई पहिले कोभिड-१९ भएको थियो भने अझै पनि तपाइले खोप प्राप्त गरेको हुनु पर्नेछ। यदी तपाइलाई कोरोना पोजेटिभ भयो भने आइसोलेसनको अवधी नसकिएसम्म खोपको लागि पर्खनु पर्नेछ, सामान्यत: कोरोनाको लक्षण शुरू भएको १० दिनपछि, वा यदि लक्षण देखा नपरेको भए तपाइको परिक्षण परिणाम पोजेटिभ भएको १० दिन पछि।

6. तपाइको खोपको रेकर्ड सार्वजनिक गर्नबाट सूरक्षित राखिने छ। जन-स्वास्थ्य विभागले मेसाचुसेट्समा कोभिड-१९ खोप प्राप्त गरेका प्रत्येक बिरामीको खोप रेकर्ड इलेक्ट्रनिक रूपमा व्यवास्थित गर्नेछ। डाक्टरले बिरामीहरूको स्वास्थ्य जानकारी राखे जस्तै खोप सम्बन्धी डेटावेस पनि गोप्य राखिनेछ। यदी तपाई कागजपत्रहरू (विमा, परिचय पत्र, ड्राइवर लाइसेन्स अथवा सामाजिक सूरक्षा नम्बर) उपलब्ध गराउन चहानु हुन्छ भने, तपाइको जानकारी गोप्य राखिनेछ।

**Translator Name(s) / Organization:** Phurba Tamang / Bhutanese Society of Western MA

**These translations were undertaken by:**

*Springfield Vietnamese Cultural Association*

*Cambodian Mutual Assistance Association*

*Chinese Associations of Western MA*

*Bayanihan Association of America*

*Bhutanese Society of Western MA*

*Dr. Syed Irfan Makhdoom Nayyar,*

*Syeddah Ghazala, Syed Armughan*

*Dr. Zoubir Benmebarek*

*Farzana Junaise*

**Project direction by:**

*AAC's Health & Human Services Committee: Commissioner Haniya Syeda and Commissioner Ekta Saksena*